**रामग्राम बुलेटिन-त्रैमासिक**
साउन–असोज २०७९
(बर्ष १, अंक १, २०७९ कार्तिक)

संरक्षक :
**धनपत यादव**
(नगर प्रमुख)

सल्लाहकार
**सम्झना चौधरी**
(उपप्रमुख)

प्रधान सम्पादक
**मानवहादुर खड्का**
(प्रमुख प्रशासकीय अधिकृत)

सम्पादन मण्डल
संयोजक – रुद्र प्रसाद रेग्मी
सदस्यः रामलाल भुसाल
सदस्य–जितजंग केसी
सदस्य–सुमन ज्ञवाली
सदस्य–मेघराज गौतम
सदस्य–विकास अधिकारी
सदस्यः अरविन्द चौधरी
भाषा सम्पादनः बेनीमाधव वश्याल

प्रकाशक
**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**परासी, नवलपरासी, (ब.सु.प.)**

# सम्पादकीय ...



भगवान गौतम बुद्धको एकमात्र अखण्डित अस्टधातु रहेको रामग्राम स्तुपको नामबाट नामाकरण गरिएको रामग्राम नगरपालिका जिल्लाको जेठो नगरपालिका हो।

नेपालको वर्तमान संविधान जारी हुनु अघिको सिङ्गो नवलपरासी जिल्ला सदरमुकाम रहेको यो नगरपालिका हाल नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाको मुकाम हो।

स्थानीय तहको दोश्रो निर्वाचन, २०७९ बाट निर्वाचित ताजा जनमतसँग नविन सोच र ताजा कार्यदिशा हुनु पर्छ। नगरपालिकाले सम्पादन गर्ने सार्वजनिक श्रोतको विनियोजन र सेवाप्रवाहलाई अधिकतम पारदर्शी बनाई नागरिक सामु पुऱ्याएर जनसमर्थन आर्जन गर्ने उद्देश्य 'रामग्राम बुलेटिन-त्रैमासिक' ले राखेको छ। यस बीचमा हजारौंको संख्यामा रहेका जेष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्तिहरु समेतलाई महङ्गो भाडा तिरेर सदरमुकाम आई भत्ताको लागि बैंकहरुमा लामो लाइन बस्नुपर्ने बाध्यताको अन्त्य गर्न बैंकलाई वडातहमा नै पुऱ्याउन थालनी गरिएको नगरको अभियानमा साविकका बैंकहरुले आनाकानी गरिदिदाँ दुःख नलागेको होइन । नगरको यो अभियानमा साथ दिन ज्योती विकास बैंक, मेघा बैंक नेपाल लि. र सनराईज बैंकहरु अघि सरे-सम्पादक आभारी छ।

अत्यन्त जीर्ण भवनमा चारवटा सम्म वडा कार्यालयहरु सञ्चालन गर्दा सेवा प्रवाह सहज हुने कुरै भएन। वडा कार्यालयहरुको आफ्नै भवनबाट

घरभाडामा लिएरै भएपनि सेवा दिन सजिलो हुने गरी व्यवस्थापन अन्तिम चरणमा पुगेको छ। विगत आ.व.मा सयौंको संख्यामा आयोजनाहरु सम्पन्न नगरीकन चालु आ.व.मा सार्दै अल्या गरिएको अव्यवस्थालाई चालु आ.व.को चैत्र मसान्त भित्रै सम्पन्न गर्ने गरी कार्ययोजना (Calender of Operation) लागू गरिएको छ। खोलानदी व्यवस्थापन, नगरसफाई, महामारी नियन्त्रण अभियान आदि दर्जनौ भन्न लायक कार्यक्रम अघि बढेका छन्।

योे संसारमा जतिदिन रहनु छ-संभ्कन योग्य काम गरेर जानु छ। तपाईले पनि, मैले पनि। संस्था बलियो बनाउन जनप्रतिनिधि-कर्मचारी, शाखागत जनशक्तिले टिमवर्क गर्न साहस गर्नुपर्छ-फुटबल, भलिबलको टिम जस्तो। एक्लै दौडेर गोल गर्न सकिन्न। त्यसको लागि एक-अर्कामा प्रेम, विश्वास, सम्मान जागृत गर्नुपर्छ। नवनिर्वाचित यो ताजा जनादेशसँग सम्पादकको प्रेम र विश्वास छ। नगरवासी मतदाताको यो निर्वाचित टोलीसँग भरोसा छ। त्यो भरोसा बचाई राख्न हातेमातो गर्नुपर्ने जनप्रतिनिधि-राष्ट्रसेवक कर्मचारी सबैको एकअर्काप्रति भरोसा आवश्यक छ।

बुलेटिनमा थुप्रै कमी कमजोरी होलान्। यो नवजात शिशु बुलेटिन हो। आगामी अंकहरुमा परिस्वीकृत हुँदै जाला। असल अभ्यास र राम्रो प्रयास के छ भनेर खोजीदिनु हुनेछ-पाठकहरुले। 'रामग्राम बुलेटिन-त्रैमासिक' जन्मिन प्रसव पीडा पार गर्ने सहयात्री मेघराज गौतम, विकास अधिकारी लगायत मेरा सहकर्मीहरु रुद्र प्रसाद रेग्मी, जीत जंग के.सी. र सुमन ज्ञवाली प्रति आभारी छु।

# संरक्षकका शब्दहरू



## 'रामग्रामबासीको एउटै रहर–स्वच्छ, सफा र विकसित शहर'

भगवान् गौतमबुद्धको अष्टधातु रहेको स्थानको नामबाट नामाकरण गरिएको रामग्राम नगरपालिकाको ५ बर्षको जिम्मेवारी मैले वि.सं. २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट प्रारम्भ गरेको छु । सर्वप्रथम रामग्राम नगरपालिकाको आउँदो ५ बर्षको नेतृत्व गर्ने अवसरका लागि नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु । वि.सं. २०७९ जेष्ठ ५ गते रामग्राम नगरपालिकाको नगरप्रमुखको रूपमा कार्यभार ग्रहण गरे पश्चात् रामग्राम नगरपालिकाको ध्येय "रामग्रामबासीको एउटै रहर, स्वच्छ, सफा र विकसित शहर" लाई मुर्तरूप दिन योजनावद्धले ढंगले कामको शुभारम्भ गरिएको छ ।

पदभार ग्रहण गरेसंगै नगरभित्रका खोलानालाको व्यापक सरसफाई, बुद्धचोक तथा नगरका शहरी क्षेत्रको सौन्दर्यकरणकालागि साप्ताहिक अभियान संचालन, जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षाभत्ता वडाबाटै वितरण गर्ने कार्य गरिएको छ । यस्तै सामुदायिक विद्यालयको गुणस्तर सुधार तथा विद्यार्थी प्रोत्साहन, सुविधा सम्पन्न सार्वजनिक शौचालयको शुभारम्भ, नगरभित्रका सार्वजनिक जग्गा संरक्षण र व्यवस्थापनको आरम्भ जस्ता महत्वपूर्ण कामहरू गरिएका छन् । विकास निर्माणको कामलाई भोलि भन्ने संस्कृतिको अन्त्य गर्दै दर्जनौ साना, मझौला र ठूला पूर्वाधारहरूको काम शुरूवात गरिएको छ । नगरपालिकाभित्रका विकास निर्माणको कामलाई छिटो छरितो सम्पन्न गर्न, नागरिकलाई प्रदान गरिने सेवा सुविधा प्रभावकारी र नागरिक मैत्री बनाउन सुशासनमा प्राथमिकता दिइएको छ । कार्यकाल प्रारम्भ गरी विताएको १०० दिनको कामलाई सार्वजनिकिकरण गरी जवाफदेहिता र पारदर्शिता कायम गरिएको छ । यसले जनतासँग जनप्रतिनिधिलाई जोड्ने काम गरेको मैले अनुभूति गरेको छु र यस्ता क्रियाकलापलाई निरन्तरता दिन लक्ष्य पनि लिइएको छ ।

"रामग्राम बुलेटिन" रामग्राम नगरको पहिलो प्रयास हो । हामीले प्रत्येक

तीन महिनामा एउटा बुलेटिन प्रकाशन गरी गरिएका काम तथा अनुभव र असल अभ्यासहरूलाई नगरवासीसमक्ष लैजाने र पृष्ठपोषण लिने काम गर्ने उद्देश्यले यो बुलेटिन प्रकाशन गर्न लागिएको हो । यो पहिलो अंक भएकोले आ.ब.२०७९।०८० को पहिलो त्रैमासिकमा भएका कामलाई प्राथमिकता दिएका छौं । धेरै राम्राकामहरूको शुरुवात तथा केही महत्वपूर्ण कामहरू प्रक्रियामा रहेकाले आउँदा दिनहरूमा जानकारी गराउँने नै छौं । आफू बसेको घर, आँगन, टोल र बजार क्षेत्र सुन्दर हराभरा बनाउन सबैले हातेमालो गर्नु पर्ने हुन्छ अनिमात्र नगरपालिका स्वच्छ, हराभर र विकशित सहरको रूपमा परिणत हुनेछ ।

अन्त्यमा, नगर विकासमा अहोरात्र खट्ने, नगरको सम्बृद्धिकालागि बनेका योजना पूर्णरूपमा कार्यान्वयन गर्ने र हाम्रो आन्तरिक संयन्त्रलाई संगठित, मजवुत, बनाउँदै लैजाने कुरामा हामी प्रतिवद्ध छौं भने नगरवासीको सकारात्मक साथ र सहयोगको अपेक्षा गरेका छौं ।

धन्यवाद ।।

**धनपत यादव**
**नगरप्रमुख**

# सल्लाहकारको मन्तब्य

स्थानीय तहको निर्वाचन २०७९ वैशाखमा सम्पन्न भएपश्चात जनमतले मलाई रामग्राम नगरपालिकाको नगर उपप्रमुखको जिम्मेवारीमा पुऱ्याएको छ । सर्वप्रथम यो अवसरका लागि नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीवहिनी प्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु । संविधानले दिएको संबैधानिक अधिकारको प्रयोग गरी आगामी ५ बर्ष नगरवासीको शिर उचो बनाउने र सम्मृद्ध नगर निर्माणमा नगरवासीहरुसँग हातेमालो गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय तथा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत रामग्राम नगरपालिकाले तय गरेको बार्षिक लक्ष्य पुरा गर्न सिंगो नगरपालिका लागि परेको छ । उपप्रमुखको जिम्मेवारीमा आइसकेपछि २०७९ असार १० गते १० औं नगरसभा सम्पन्न गरी आ.ब.२०७९/०८० मा सञ्चालन गरिने बार्षिक कार्यक्रमहरु सार्वजनिक गरिएको छ । अव नगरवासीको आँखा नगरपालिकाको नीति, बार्षिक कार्ययोजना र बजेट, नगरपालिकाको सेवा प्रवाह, संस्थागत सुशासन तथा जनप्रतिनिधिहरुको आनिवानी र कार्यशैमीमा केन्द्रीत भएको छ । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसाथ गरी सन्तुलित र न्यायिक बाटोमा जाने, प्राथमिकताका आधारमा विकास निर्माणका कामहरुलाई अगाडि बढाउने जनउत्तरदायी, पारदर्शी, मेहनती र सृजनशील जनप्रतिनिधि र कर्मचारीको बीचमा सुमधुर सम्बन्ध कायम गरी नगरवासीको सेवा प्रवाहमा काम अगाडि बढेको छ ।

नगर उपप्रमुखको हैसियतमा गर्नु पर्ने दैनिक कामहरु एकदमै उत्साहित भएर प्रारम्भ भएका छन् । नगरको सरसफाई अभियान, नगर क्षेत्रका खोला तथा घोलाहरुको सफाई, शिक्षा र स्वास्थ्यको क्षेत्रमा भएका रचनात्मक कामहरु त्यसका उदाहरणको रुपमा लिन सकिन्छ । न्यायिक समितिलाई प्रभावकारी वनाउने र नगरपालिकामा आएका विभिन्न घटनालाई न्यायिक पक्षमा जीतजीतको अवस्थामा पुऱ्याएका सफल अभ्यास पनि छन् ।

अन्त्यमा, आ.ब.२०७९/०८० को शुरुका तीन महिनामा नगरपालिकाबाट भए गरेका कामको प्रगतिलाई केन्द्रीत गरी यो "रामग्राम बुलेटिन" प्रकाशन गर्न लागिएको छ । यो पहिलो अंकमा साउन देखि असोज सम्मको कार्यप्रगति, वनेका योजना, योजना सम्पन्न हुनका लागि महाशाखागत कार्ययोजना, संस्थागगत शुसासन आदि समेट्ने प्रयास गरिएको छ । तपाईं पाठकको हातमा यो बुलेटिन पुगेपछि अध्ययन पश्चात आवश्यक पृष्ठपोषण प्राप्त हुनेमा हामी विश्वस्त छौं ।

धन्यवाद ।

**सम्झना चौधरी**
**उपप्रमुख**

## रामग्राम नगरपालिका :

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको नामबाट नामाकरण भएको लुम्बिनी प्रदेशका १२ जिल्लाहरु मध्ये नवलपरासी बर्दघाट सुस्ता पश्चिम एउटा जिल्ला हो । यस जिल्लाका ७ स्थानीय तह मध्य जिल्ला सदरमुकाम समेत रहेको रामग्राम नगरपालिका वि.स. २०५३ चैत्र १४ गते स्थापना भएको हो । भगवान् गौतम बुद्धको पवित्र अष्टधातु रहेको प्राचीन रामग्राम स्तुपाको नामबाट रामग्राम नगरपालिका राखिएको हो । मिति २०७३ साल फाल्गुन २७ गते पुनःसंरचना भई रामग्राम नगरपालिकाको १३ वडा र साविक ५ वटा गा.वि.स (अमरौट, सुक्रौली, हकुई, बन्जरिया र देवगाव) मिलाई कुल १२८.३२ वर्ग कि.मि. क्षेत्रफल रहको हालको रामग्राम नगरपालिका बनेको छ । पूर्वमा सरावल गाउँपालिका, पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा सुनवल नगरपालिका र दक्षिणमा पाल्हीनन्दन गाउँपालिका अवस्थित छन् ।

रामग्राम नगरपालिकाको अधिकांश तराई भाग भावर प्रदेशमा अवस्थित हुनाले यस क्षेत्रमा समशितोष्ण प्रकारको मनसुनी हावापानी पाईन्छ । ग्रीष्मकालिन समयमा अत्याधिक गर्मी र हिंउदमा शितलहरी सम्म चल्ने हुँदा अत्याधिक जाडो हुने गर्दछ । यस क्षेत्रमा ग्रीष्मकालिन तापक्रम ४५ डिग्री सेल्सियस र हिउँदमा न्यूनतम २ डिग्री सेल्सियस सम्म हुने गर्दछ । हिउँदमा नगन्य मात्रामा बर्षा भएपनि अन्य महिना विशेष गरी जेष्ठ, असार, साउन र भदौमा अत्याधिक गर्मी हुने गर्दछ । साथै रामग्राम नगरपालिका समथर र उर्वर जमिन भएको स्थानको रुपमा परिचित छ । कृषि उत्पादनको दृष्टिकोणले नगरपालिकाभित्रको अधिकांश भूभाग कृषियोग्य भूमिको रुपमा रहेका छन् ।

रामग्राम नगरपालिका स्थापना भएको २६ बर्ष पुरा भएको छ । पश्चिम नवलपरासीको सदरमुकाम समेत रहेको जिल्लाकै पुरानो नगरपालिका भएपनि यस क्षेत्रको शैक्षिक, सामाजिक, आर्थिक, साँस्कृतिक, भौगोलिक र राजनीतिक विकासक्रम जति तिब्रताका साथ बढ्नु पर्थ्यो त्यो हुन भने सकेको छैन् तर क्रमिक रुपमा बुद्धचोकदेखि आसपासका क्षेत्र तथा अन्य वडाहरुमा विकासको लहर देखिन थालेको छ । नगरभित्रको शिक्षाको अवस्था हेर्दा २ वटा उच्च शिक्षाको केन्द्र हुनु, वडा-वडामा माध्यमिक तथा आधारभूत विद्यालय हुनु अर्थात आम विद्यार्थीको पहुँचमा विद्यालय संचालन हुनु खुसीकै कुरा हो । पर्यटकीय दृष्टिकोणबाट हेर्दा रामग्राम स्तुपा नगरको लागि विश्वसम्पदा सूचिको सम्भावित महत्वपूर्ण क्षेत्र हो । त्यस्तै पंण्डितपुर, विभिन्न धार्मिक केन्द्रहरुले नगरको पहिचानलाई थप वल पुर्‍याएको हुन्छ । कृषि तथा पशुपालनका दृष्टिकोणबाट ग्रामीण क्षेत्रमा कृषिलाई आधार बनाएर जीवनधान्ने अधिकांश नगरवासीहरुको प्रमुख पेशा नै कृषि उपज उत्पादन नै हो । नगरवासीले आफ्नो प्रमुख पेशाको रुपमा कृषि उत्पादनलाई जोड दिइ आम्दानीको प्रमुख श्रोतको रुपमा लिन सकिन्छ ।

## संस्थागत शुसासन र विकास

स्थानीय तहको निर्वाचन २०७९ ले रामग्राम नगरपालिकामा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्यहरु गरी २८ जना जनप्रतिहरुलाई नगर कार्यपालिकाकालागि चुनेको

छ भने १८ वटा वडाका सदस्य तथा दलित महिला सदस्य र दलित अल्पसंख्यक गरी ९५ जनाको नगर सभा गठन भएको छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित कुल दरवन्दी ६८ रहेको छ। ६८ जनाको दरवन्दी भए पनि हाल संघीय १ जना र स्थानीय तहका स्थायी कर्मचारी ४७ रहेका छन्। अन्य कर्मचारीहरु करारमा भर्ना गरिएको छ। करारमा हुने कर्मचारीको संख्या ४७ जना रहेको छ।

नगरपालिकाले सूचनाको हक र पारदर्शिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण तथा जनसहभागितामा आधारित योजना तर्जुमा गरी कार्यान्वय गरिरहेको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गर्न चालु आ.ब.मा तालिम गोष्ठिहरुको लागि वजेट विनियोजन गरिएको छ। नागरिक वडापत्रलाई वेवसाइटमार्फत सार्वजनीकीकरण गरिएको छ। योजना तर्जुमा गर्दा मागमा आधारित जनसहभागीमूलक विधिलाई अवलम्बन गरिएको छ।

सेवा प्रवाह र नगरको विकास निर्माणबारे नियमित पत्रकार सम्मेलन गरी जानकारी गराउने, प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई तथा प्रत्येक आयोजनाको सार्वजनिक परिक्षण गर्ने, नगरपालिकाको वेवसाईट नियमित अपडेट गर्ने कामलाई प्राथमिकता दिएको छ। Working Calendar को मासिक समिक्षा, सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा गुनासो कम गरी शुसासन कामम गर्न वडासचिव/कर्मचारीहरुको मासिक बैठक वस्ने गरिएको छ।

**योजना तर्जुमा प्रक्रिया**

रामग्राम नगरपालिको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन, २०७६ ले तय गरेको प्रकिया बमोजिम तर्जुमा गरिएको हो। यस नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने सन्दर्भमा २०७८ असोजमा नगर विपद् व्यवस्थापन समितिको बैठकमा छलफल गरिएको थियो। उक्त बैठकले स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने निर्णय गरेको र अमेरीकी सहयोग नियोगको स्वास्थ्यको लागि सक्षम प्रणाली कार्यक्रमले नगरपालिकालाई स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न प्राविधिक सहयोग उपलब्ध गराउने सहमति बमोजिम नगरपालिकाको विपद् तथा बातावरण समितिको अगुवाइ र स्वास्थ्यको लागि सक्षम प्रणालीका प्रतिनिधि सहितको योजना मस्यौदा समिति (स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्राविधिक कार्य समिति) गठन भई कार्यतालिका तय गरी योजना तर्जुमाको प्रक्रिया शुरू गरियो।

नगर विपद् व्यवस्थापन समिति, वडाध्यक्षहरु र सरोकारवालाहरूबीचमा छलफल गरी नगरपालिकाको सङ्कटासन्नता तथा क्षमता लेखाजोखा गरियो। उक्त छलफलबाट विषयगत क्षेत्रको पहिचान गरी सात वटा विषयगत क्षेत्र निर्धारण गरियो। सङ्कटासन्नता तथा क्षमता विश्लेषणका आधारमा पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू निर्धारण गरियो। त्यसपछि विषयगत क्षेत्र

र संयुक्त योजना तर्जुमा बैठकहरू सञ्चालन गरी त्यसका आधारमा योजनाको मस्यौदा तयार गरियो। सरकारवालाहरूको बैठक आयोजना गरी मस्यौदामाथि छलफल र पृष्ठपोषण लिने काम भयो। प्राप्त पृष्ठपोषण समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार गरियो।

यस प्रकार रामग्राम नगरपालिकाको स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भई कार्यपालिकाको बैठकबाट मिति २०७९ असोज ७ गते पारित भई कार्यान्वयनमा आएको छ।

## १. रामग्राम नगरपालिकाको स्वास्थ्य ऐन २०७९

नागरिकहरुको आधारभुत स्वास्थ्य सेवालाई संविधान अनुरुप नागरिकको मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने नगरपालिकाको जिम्मेवारी रहेको र सोको व्यबस्थापन स्पस्ट कानुनमा व्यवस्थागरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ अनुसार सोही संविधानको अनुसुची ८ र ९ को सूची बमोजिमको अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम 'स्वास्थ्य ऐन २०७९' को मस्यौदा तयार भई अन्तिम मस्यौदा माथि काम भइरहेको छ जुन आगामी हिउँदे अधिवेशनको नगरसभामा प्रस्तुत गरिने छ।

## २. रामग्राम नगरपालिकाको स्वास्थ्य नीति

नेपालको संविधानले नागरिकको मौलिक हकका रूपमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लिपिबद्ध स्वास्थ्य सम्बन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्यसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरू एवम् नगरपालिकाका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई नगरपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न रामग्राम नगरपालिकाले स्वास्थ्य नीति तर्जुमा गर्ने काम अन्तिम चरणमा पुर्याएको छ।

रामग्राम नगरपालिकाको स्वास्थ्य नीति तयार गर्नका लागि सामाजिक विकास समितिको नेतृत्वमा ७ सदस्यीय स्वास्थ्य क्षेत्रको नीतिगत दस्तावेजहरू निर्माण गर्ने प्राविधिक कार्य समिति गठन गरेको छ। उक्त प्राविधिक कार्य समितिले आगामी १–२ महिना भित्रै नगरपालिकाको स्वास्थ्य ऐन २०७९, स्वास्थ्य नीति र स्वास्थ्य क्षेत्रको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण योजना निर्माण गरी नगरसभा तथा नगरकार्यपालिकामा पेश गर्ने तयारी रहेको छ।

## ३. रामग्राम नगरपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षण योजना

स्वास्थ्य क्षेत्रको नीति योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा अनुगमन,

मूल्याङ्कन र सुपरिवेक्षणको महत्वपूर्ण भुमिका रहन्छ। स्वास्थ्य क्षेत्रमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको स्वास्थ्य अवस्थामा त्यसले पारेको असर तथा प्रभाव आँकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्धन गर्न यसको थप महत्व रहन्छ। मुलुक एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा प्रवेश गरेको सन्दर्भमा सर्वसाधारण नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने आधारभुत स्वास्थ्य र सरसफाई सम्बन्धी क्रियाकलापहरू स्थानीय सरकारले अझ नजिकबाट कार्यान्वयन गर्नुपर्ने भएकोले तिनीहरूको सफल कार्यान्वयनको लागि स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ एवम् सक्षम बनाउन आवश्यक छ तसर्थ, नगरपालिका तहमा अनुगमन, मूल्याङ्कन र सुपरीवेक्षण कार्यलाई संस्थागत गर्ने क्रममा स्वास्थ्य ऐनले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका मस्यौदा भइरहको छ।

यो निर्देशिका तयार भई कार्यान्वयनमा आईसकेपछी स्थानीय तह अन्तर्गतको स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरू साथै स्वास्थ्यको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सक्नेछन्।

# भौतिक पूर्वाधारको विकासः

रामग्राम नगरपालिकाले पूर्वाधार विकास तर्फ सडक यातायात, कृषि, सिंचाई, खेलकुद, खानेपानी, पर्यटन, शिक्षा, स्वास्थ्य र पार्किङ्ग स्थल लगायतका सम्भावित क्षेत्रहरुको पूर्वाधार विकासलाई जोडदिँदै आएको छ। नगरक्षेत्रभित्र चक्रपथ निर्माणको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिने, साथै यस्ता ठाउँहरुमा स्थानको महत्व झल्किने पार्क निर्माण, खेल मैदान, सभागृह लगायतका सार्वजनिक महत्वका संरचना निर्माण गर्ने लक्ष्य लिएको छ।

नगरभित्र भवन निर्माण गर्दा नक्सा पास गरी निर्माण संहिताको पूर्ण पालना गराउने नीति नगरपालिकाको छ। नगरपालिकाले नक्सापास विना घर बनाउने कार्यलाई निरुत्साहित गर्ने र पुराना घरहरुलाई समयसिमा तोकी अभिलेखिकरण गरेको छ।

खानेपानी र सरसफाईको क्षेत्रमा रामग्राम नगरपालिकाले नगरभित्रका १८ वटै वडामा खानेपानीको विस्तार गरी नागरिकलाई शुद्ध पिउने पानीको व्यवस्था गर्ने लक्ष्य लिइएको छ। नगर क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोरलाई उत्पादन विन्दुबाट वर्गिकरण गरी व्यवस्थापन गरिने नीति लिइएको छ। सार्वजनिक खानेपानी धारा, सवै वडाहरुमा कम्तिमा एक एक वटा सार्वजनिक शौचालय निर्माण गर्ने नगरपालिकाले नीति बनाएको छ। नगर सौन्दयीकरणको कामलाई पनि निरन्तरता दिंदै जाने गरी योजना तय गरेको छ। उज्यालो रामग्राम अभियानलाई प्राथमिकता दिंदै सडकपोलहरुमा सडकबत्ती, सोलारबत्ती, मठमन्दिर, सार्वजनिक स्थल, स्वास्थ्य चौकीहरुको विजुलीवत्ती जडानलाई प्राथमिकता दिइने छ।

आ.ब.२०७९/०८० मा पूर्वाधार विकास तर्फ ४१९ वटा साना तथा मझौला योजना सम्पन्न गर्ने लक्ष्य तय गरिएको छ। पूर्वाधार विकासको क्षेत्रमा रामग्राम नगरपालिकाले चालु आर्थिक बर्षमा समयमै सवै योजना सम्पन्न गर्ने गरी बार्षिक कार्ययोजना तयार गरी लागू गरेको छ। प्रत्येक त्रैमासिकमा योजनाको कार्यान्वयनको अवस्थाबारे समीक्षा गर्ने र योजना सम्पन्न गर्न थप कार्ययोजना बनाउने बारे आन्तरिक छलफल र वहस हुने गरेको छ। यसका आधारमा चालु आ.ब.मा तय गरिएका ४१९ वटा पूर्वाधार अन्तर्गतका बार्षिक आयोजना पूरा हुने नगरको विश्वास छ। चालु आ.ब. २०७९/०८० को प्रथम त्रैमासिक (साउन, भदौ र असोज) मा भौतिक पूर्वाधारको क्षेत्रमा १६ वटा योजना पूरा भएको कार्यप्रगति यस प्रकार रहेको छ।

| क्र. स. | योजनाको नाम | बजेत विनियोजन | भौतिक प्रगति | वित्तिय प्रगति रु. |
|---|---|---|---|---|
| १ | ग्रामेल सप्लाई गर्ने कार्य पुरै वडामा | १०००००० | २०५ टाली | ९९७१५०.३६ |

| | | | | |
|---|---|---|---|---|
| २ | ग्रामेल सप्लाई गर्ने कार्य पुरै वडामा | १०००००० | २०५ टाली | ९९४५०६.७९ |
| ३ | बुद्धचोक परिसर व्यवस्थापन | ८००,०००.०० | १ काम | ७९७४६९.७ |
| ४ | सहुवाटिकर तटबन्ध निर्माण | ५०,०००.०० | १३७ मिटर | ४९५८३२.२६ |
| ५ | खानेपानी पाईप व्यवस्थापन | ४८५,०००.०० | २४०० मिटर | ४८१०४१ |
| ६ | ऐचावलदेखि पथ्थरदेवा भुसुनापुर जाने सडक स्तरोन्नती | १००,०००.०० | ६०० मिटर | ९७७७३५५.०८ |
| ७ | नन्दे यादवको घरदेखि कोटहिमाई जाने बाटो स्तरोन्नती | ३००,०००.०० | २८० मिटर | २९३००० |
| ८ | सामुदायिक भवन निर्माण पथ्थरदेवा | ५००,०००.०० | १ वटा | ५९८९२३.०७ |
| ९ | रामग्राम १६ को रेडक्रस भवनको अधुरो योजना सम्पन्न गर्न | ७००,०००.०० | १ वटा | ८२९१९४.५३ |
| १० | रामग्राम १२ को कृषि सडक रेखांकन | २००,०००.०० | ६०० मिटर | २३९९७७.३६ |
| ११ | वडा नं. ७ को कार्यालय भवन व्यवस्थापन र रंगरोगन | ४००,०००.०० | १ वटा | ३९७२९४.६६ |
| १२ | रामग्राम ७ को रामजानकी मन्दिर निर्माण | २००,०००.०० | १ वटा | २३५७४९.६६ |
| १३ | रामग्राम १६ को सितापुरमा बासुको घरदेखि फेकुकेवटको घरसम्मको सडकढलान | ७००,०००.०० | ६५ मिटर | ७०८८३३.५१ |

| | | | | |
|---|---|---|---|---|
| १४ | रामग्राम ९ को कालिमाताको मन्दिर निर्माण | ३५०,०००.०० | १ वटा | ४०२७५०.०५ |
| १५ | नाला मर्मत तथा सरसफाई | ५०,०००.०० | | |
| १६ | वडा कार्यालय भवन निर्माण | १०,०००,०००.०० | | |

यसैबीच चालु आ.ब.को तीन महिना भित्र ५९ वटा योजनाहरु सम्झौता भईसकेका छन् । यो अवधिमा उपभोक्ता समितिहरुको तालिम, योजना सम्झौतालाई पारदर्शी र वैज्ञानिक बनाउन प्राविधिक कर्मचारीहरुको तालिम सम्पन्न गरिएको छ । योजना संझौतालाई छिटो छरितो वनाउन सम्बन्धित महाशाखालाई जिम्मेवार बनाउने कामको थालनी भएको छ । लगतका हिसाबले योजना दुई लाखदेखि तीन करोडसम्मका रहेका छन् । यसैगरी गएको तीन महिनामा सम्झौता भई सम्पादनको प्रकृयामा रहेका योजनाहरु निम्न रहेका छन् ।

| क्र.सं. | योजनाका नाम | बजेट विनियोजन रु. |
|---|---|---|
| १ | स्ट्रीट पोललाईट जडान वडा नं. २ | १,०००,०००.०० |
| २ | अधुरो वडा नं. १२ वडा कार्यालयको भवन निर्माण | १,५००,०००.०० |
| ३ | उद्योग वाणिज्य संघ पुर्वाधार निर्माण अल्या. | २,०००,०००.०० |
| ४ | वडा कार्यालय भवन निर्माण वडा नं. ९ | २,५००,०००.०० |
| ५ | स्वास्थ्य चौकी निर्माण वडा नं. १७ (अल्या) | २,०००,०००.०० |
| ६ | कांशिपुर पुल निर्माण(अल्या) | ३,६००,०००.०० |
| ७ | कांशिपुर पुल निर्माण(अल्या) | ३,६००,०००.०० |
| ८ | घोडपालीदेखि जीतपुर जाने बाटो निर्माण वडा नं. ३ | २,०००,०००.०० |
| ढ | ड्राइवरटोल विभिन्न सडक तथा नाला निर्माण (अल्या) | ५,३००,०००.०० |
| १० | डिघवल पिचदेखि सुक्रौली जाने सडक स्तरोन्नती वडा नं. १५ | १,५००,०००.०० |
| ११ | धरमपुर लाइन नं. ३ मन्दिरटोलदेखि पुर्व सडक पिच वडा नं.१८ | ३,०००,०००.०० |
| १२ | नौडिहवा सडक निर्माण वडा नं. १० (अल्या) | १,०००,०००.०० |
| १३ | पुरानो न.पा.चोकदेखी लखी सुनारको घरसम्म र नेपाल टेलिकम चोकसम्म सडक संरचरना सुधार तथा निर्माण कार्य (अल्या) | ४,१००,०००.०० |

| | | |
|---|---|---|
| १४ | फ्युचर लाईट स्कुलको पछाडी बस्तीमा सडक निर्माण, वडा नं. ४ (अल्या) | १,६००,०००.०० |
| १५ | रावन खण्डा पूल निर्माण कार्य लागत सहभागिता (अल्या) | ५,२००,०००.०० |
| १६ | खानेपानी टङ्की निर्माण तथा ब्यवस्थापन गर्ने कार्य, रामग्राम-१४, अमरौट(अल्या) | १,५००,०००.०० |
| १७ | खानेपानी टङ्की निर्माण तथा ब्यवस्थापन गर्ने कार्य, रामग्राम-१८, धरमपुर(अल्या) | १,५५०,०००.०० |
| १८ | खानेपानी टङ्कीर निर्माण तथा ब्यवस्थापन गर्ने कार्य, रामग्राम-१७, देवगाव(अल्या) | १,५००,०००.०० |
| १९ | खानेपानी टंकी निर्माण क्रमागत ( वडा नं १४, १७ र १८) | ७,१९५,०००.०० |
| २० | खानेपानी टंकी निर्माण क्रमागत (वडा नं १४, १७ र १८) | ४,८०५,०००.०० |
| २१ | खानेपानी टंकी निर्माण र ब्यवस्थापन कार्य घनश्यामपुर(अल्या) | १,४००,०००.०० |
| २२ | खेलकुद पूर्वाधार बिकास कार्यक्रम (स्टेडियम) वडा नं. ४ (अल्या) | ३,२००,०००.०० |
| २३ | नगरपालिका परिसरमा रहेको क्यान्टिनमा ट्रस निर्माण - अल्या | २,०००,०००.०० |
| २४ | व्यवसायिक भवन तथा बाल उद्यान पार्क निर्माण शान्तीचौर शिशमघारी(अल्या) | ३,०००,०००.०० |
| २५ | वडा कार्यालय निर्माण (अल्या) | ८००,०००.०० |
| २६ | पोलबत्ती जडान तथा मर्मत कार्य | १४०,०००.०० |
| २७ | मदरसाका विधार्थीलाई पोशाक वितरण | ७५,०००.०० |
| २८ | मदरसालाई फर्निचर खरिद | ७५,०००.०० |
| २९ | रघु गुरुङकोघरदेखी अमर क्षेत्रीको घरसम्म स्लेब र ढलान समेत (अल्या) | ५००,०००.०० |
| ३० | कृषि सडक रेखाङ्कन बैरिहवा (अल्या) | २००,०००.०० |
| ३१ | बाटो स्तरोन्न्ति तथा आ.सी.सी.ढलान सूर्यपुरा टोल देखि नदि सम्म (अल्या) | २००,०००.०० |
| ३२ | सडक पोल बत्ती मर्मत तथा नयाँ जडान | २५०,०००.०० |
| ३३ | चम्कीपुरमा महान दर्शन नेपालको मर्मत सम्भार | १००,०००.०० |
| ३४ | महिला भवन निमार्ण (जमुवाड) अल्या | ९५०,०००.०० |
| ३५ | कोटही मन्दिर र ब्रम्ह बाबा मन्दिर व्यवस्थापन | ३००,०००.०० |

| | | |
|---|---|---|
| ३६ | जमुवाड महिला भवन निर्माण | ४००,०००.०० |
| ३७ | अधुरो दुर्गा मन्दिर निर्माण पाडाटिकर | १५०,०००.०० |
| ३८ | क्षेत्रीय बाटोबाट मुस्लिमटोल मस्जिदसम्म तथा लक्ष्मी यादव र पियारे कहारको घर सम्म जाने घुम्ती मार्ग (बाटो) निर्माण कार्यक्रम घिनाहा | ४००,०००.०० |
| ३९ | नदिया टोल अधुरो बाटो पी.सी.सी. ढलान कार्यक्रम घिनहा नदिया टोला | ४००,०००.०० |
| ४० | समयमाई थानमा ट्रस निर्माण कार्य घिनाहा | २००,०००.०० |
| ४१ | कमलेशको घरदेखी सडक ग्राभेल गर्ने अमहवा | ६००,०००.०० |
| ४२ | चन्द्रिका थारुको घरदेखी गाजेको घर सम्म सडक पि सि सि ढलान हकुइ ४ | ५००,०००.०० |
| ४३ | तोनवामा रहेको भित्री सडक पि सि सि ढलान | ५००,०००.०० |
| ४४ | पजकरकट्टीमा रहेको भित्री सडक पि सि सि ढलान | ६००,०००.०० |
| ४५ | रमेशको घरदेखी धनश्यामको घरसम्म पि सि सि ढलान सबुनी | ५००,०००.०० |
| ४६ | हकुइ ३ मा रहेको कुवरवन्ती मन्दिर व्यवस्थापन | ५००,०००.०० |
| ४७ | ढल निकास तथा सडक सरसफाई | २००,०००.०० |
| ४८ | छठघाट तथा हनुमान मुर्ति स्थापना साविक ९ पिपरहिया | ५००,०००.०० |
| ४९ | देवगाव कोटहीमाई मन्दिरमा प्लास्टर तथा रंगरोगन | १५०,०००.०० |
| ५० | पिपरहिया सामुदायिक धर्मशाला निर्माण | ७००,०००.०० |
| ५१ | रामग्राम १७ वडा कार्यालयमा रंगरोगन तथा कर्कट पाता छाना भएको भवन निर्माण | ६००,०००.०० |
| ५२ | समयदेवी स्थानमा बाउण्ड्री तथा माटो पुर्ने काम पिपरहिया | ५००,०००.०० |
| ५३ | सा.देवगांव ६ अधुरो दुर्गा मन्दिर निर्माण-अल्या | १५,०००.०० |
| ५४ | सडक कालो पत्रे गर्ने कार्य रामग्राम ४ | २,५००,०००.०० |
| ५५ | सडक कालो पत्रे गर्ने कार्य रामग्राम ४ | २,५००,०००.०० |
| ५६ | हकुईदेखि नौडिहवा जाने बाटो कालो पत्रे गर्ने कार्य रामग्राम १६ | २,५००,०००.०० |
| ५७ | हकुई देखि नौडिहवा जाने बाटो कालो पत्रे गर्ने कार्य रामग्राम१६ | २,५००,०००.०० |
| ५८ | राष्ट्रिय मा.वि. पडितपुर भवन निर्माण गर्ने कार्य रामग्राम १८ | ५,०००,०००.०० |
| ५९ | राष्ट्रिय मा.वि. पडितपुर भवन निर्माण गर्ने कार्य रामग्राम १८ | ५,०००,०००.०० |
| | जम्मा | ९७,०५५,०००.०० |

गएको तीन महिनामा पालिका स्तरीय र वडा स्तरीय योजनाहरुको सम्झौता सम्पन्न भएको छ। योजना सम्पन्न हुने चरणमा पनि रहेका छन्। गएको तीन महिनामा ५९ वटा योजना सम्झौता भई कार्यान्वयनको चरण रहेका छन्।जसकालागि ९ करोड ७० लाख ५५ हजार वजेट विनियोजन गरिएको छ। चालु आ.बमा तय गरिएका योजनाहरु समयमै सम्पादन गर्न नगरपालिकाले नियमित कामलाई प्राथमिकता दिएको छ।

**ठूला पूर्वाधार विकास आयोजना :**

- गएको तीन महिनामा प्रदेश सरकार र संघीय सरकारबाट नगरपालिकाका विभिन्न वडाहरुलाई फराकिलो सडकले जोड्ने गरी कार्य प्रारम्भ भएको छ। करिव ६२ करोडको लागतमा रामग्राम ६ पोखरापालिदेखि रामग्राम १८ पण्डितपुरसम्म ८ किलोमिटर सडक निर्माणकालागि डिपिआर तयार भई ठेक्का व्यवस्थापन अन्तिम चरणमा पुगेको छ।
- नगरपालिकाको पहलमा भूमही-भैरहवा हुलाकी सडक खण्ड अन्तर्गत रामग्राम नगरपालिकाको झरही पुलदेखि रामखण्डा खोलासम्मको सडक विस्तार कार्य प्रारम्भ भएको छ। सडक डिभिजन कार्यालय बुटवलले सडक विस्तारकालागि ठेक्का प्रक्रिया शुरु गरेको यो सडक आयोजनाका लागि १० करोड बजेट विनियोजन भएको छ।

**भवन तथा शहरी विकासः**

रामग्राम नगरपालिकाभित्रका संस्थागत तथा विभिन्न प्रकृतिका भवनहरुको मापदण्ड निर्धारण गरी पूर्णपालना गरिने नीति अवलम्बन गर्दै भवन संहिता सम्बन्धी तालिमकालागि सिकर्मी र डकर्मीहरुलाई तालिम प्रदान गरिने छ। नगरपालिकाको भवन तथा शहरी विकासलाई व्यवस्थित वनाउन साथै सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन नक्शा पास प्रक्रियालाई विद्युतीय घर नक्शा अनुमति EBPS-Electronic Building permit System मा प्रविष्ट गरी GIS र House Numbering system बाट शुरुवात गर्ने लक्ष्य लिइएको छ। साथै नक्शा पास विना घर बनाउने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिने नीति नगरपालिकाले लिएको छ।

रामग्राम नगरपालिकाले घर बनाउनु भन्दा पहिले अनिवार्य नक्सा वनाउन भनेसंगै नयाँ घर वनाउँदा व्यक्तिको हकमा लालपुर्जा, मालपोत बुझाएको रसीद, एकीकृत सम्पत्ती कर बुझाएको रसिद र जग्गाको नक्सा नगरपालिकामा पेश गर्नु पर्ने छ।

यस्तै संस्थागत भवन निर्माणकालागि जग्गाको लालपुर्जा, मालमोत बुझाएको रसीद, एकीकृत सम्पती कर बुझाएको रसीद, जग्गाको नक्शा, कम्पनी दर्ताको प्रमाण–पत्र, कम्पनीको विधान वा प्रवन्ध–पत्र, कर– चुक्ताको प्रमाण–पत्र, वारेशको नागरिकता र वारेश पाउने व्यक्तिको निर्णय सहितको पत्र अनिवार्य पेश गर्ने व्यवस्था गरिएको छ।

यस्तै थप तल्लाको लागि चाहिने आवश्यकता थप तल्लाको लागि चाहिने कागजातहरुमा थप तल्लाको नक्शा, थप तल्लाको चिठी, मालपोत र एकीकृत सम्पत्ती कर बुझाएको रसीद, लालपूर्जाको फोटोकपी र प्रमुख सडकमा ७ फिट र शाखा सडकमा ५ फिट सेडव्याक हुनु पर्ने

नीति तय गरेको छ।

रामग्राम नगरपालिका स्थापना भएको बर्ष आ.ब. २०५४/०५५ देखि आ.ब.०७८।०७९ घरको नक्शा पास भएको विवरणलाई हेर्दा २२२८ रहेको छ। आ.ब.२०७९।०८० को पहिलो त्रैमासिकमा जम्मा १९ वटा नक्सा पास भएको तथा ५० वटा घर नक्सा पासको प्रकृयामा रहेको छ। रामग्राम नगरपालिका भित्रका कुल १८ वटा वडाको घर धुरी संख्या ११ हजार ४०७ रहेको छ।

**सरकारी सार्वजनिक जग्गा संरक्षण तथा जि.आई.एस म्यामिङ**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) को खण्ड (छ) बमोजिम सरकारी, सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण नगरपालिकाको काम कर्तव्य र अधिकारभित्र रहेको छ। यस रामग्राम नगरपालिकाको आ.व. २०७९/०८० मा दशौं नगरसभाबाट पारित कार्यक्रम बमोजिम सरकारी सार्वजनिक जग्गा संरक्षण तथा जि.आई.एस म्यापिङ गर्ने कार्य रहेको छ।

हाल नगरपालिका अन्तर्गत १८ वटा वडा मध्य मालपोत कार्यालयबाट प्राप्त सरकारी सार्वजनिक जग्गाको लगत र हाल हरेक वडामा सोही लगत तथा जनप्रतिनिधिहरुको रोहबरमा लिइएको फिल्डको वास्तविक विवरण बमोजिमको लगत १,२,३,५,६,८,९,१० वडाको लगत तयार भैसकेको र बाँकी वडा जस्मा ४,७,११,१२,१३,१४,१५,१६,१७ र १८ को लगत संकलन गर्ने कार्य पनि भइरहेको छ।

उक्त विवरण मध्य हाल लगत संकलन गरेको वडा (१,२,३,५,६,७,८,१०,१२ ) हरुमा जम्मा सरकारी सार्वजनिक जग्गा ४९ विगहा ९ कठ्ठा ७ धुर रहेको जस मध्य केही वडामा नदि कटानले गर्दा केही भागमा जग्गा काटेको तथा केही भागमा छोडेको पनि देखिन्छ। सो जग्गा मध्य केही जग्गा व्यक्तिले पनि भोग गरेको देखिन्छ भने यस मध्य वडा नं १ मा रहेको साविक मंझरिया ५ ख को कित्ता नं ३ को ०-७-५ जग्गा केही व्यक्तिहरुले भोग गरिरहेको भएता पनि प्रचलित कानून बमोजिम सूचना गरी सो जग्गाको फिल्ड रेखाङ्कन गरी रामग्राम नगरपालिकाले बोर्ड गाड्ने कार्य गरिएको छ साथै अन्य जग्गाहरुमा पनि तारवार तथा संरक्षणको तयारी भइरहेको छ।

# सामाजिक विकास

## शिक्षा यूवा तथा खेलकुद तर्फ

### १. पृष्ठभूमि :

शिक्षाको गुणस्तर सुधार गर्नुका साथै शिक्षा क्षेत्रलाई थप व्यवस्थित बनाउँदै लैजाने उद्देश्य अनुरुप यस नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट समेत बजेट बिनियोजन गरी विभिन्न क्रियाकलाप मार्फत विद्यालय शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको छ। यस न.पा. ले लिएको शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी नीतिलाई आधार मानी वार्षिक कार्यक्रम तयार गरेको छ। निर्धारित वार्षिक कार्यक्रमलाई त्रैमासिक विभाजन गरी कार्यान्वयन कार्यतालिका तयार भएको छ। सोही कार्यक्रम कार्यान्वयन कार्यतालिका २०७९/०८० बमोजिम शिक्षा क्षेत्रका विभिन्न क्रियाकलापहरु तोकिएको समयमा सम्पन्न भइरहेका छन्।

यस नगरपालिकामा सामुदायिक विद्यालय ३२ वटा, संस्थागत विद्यालय २७ वटा, सामुदायिक सिकाइ केन्द्र ३ वटा, विद्यालयमा आधारित बालविकास केन्द्र ३७ वटा संचालनमा रहेका छन्। स्नातक तह संचालित २ वटा क्याम्पस रहेका छन्। विद्यालय संचालनार्थ आधारभूत तह १-५ तर्फ १३९, आधारभूत ६-८ तर्फ ३५, माध्यमिक तह (९-१०) तर्फ २१, शिक्षकको दरबन्दी रहेको छ। साविक उ.मा.वि. अनुदान केन्द्रमा ८ जना, संघीय अनुदान कोटामा १२ जना शिक्षक कार्यरत छन्। उल्लेखित शिक्षक संख्या न्यून भएकाले नगरपालिकाले आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी १६ जना थप शिक्षकको व्यवस्था गरेको छ।

शैक्षिक सत्र २०७९ मा सामुदायिक विद्यालय तर्फ बालविकास कक्षामा ११४६ जना, कक्षा १-५ मा २५४३ जना, कक्षा ६-८ मा २०४९ जना, कक्षा ९-१० मा १२४७ जना र कक्षा ११-१२ मा ५२० गरी जम्मा ८५०५ विद्यार्थीहरुले अध्ययन गरी रहेका छन् भने संस्थागत विद्यालय तर्फ जम्मा ६६७४ विद्यार्थी अध्ययनरत छन्।

### २. योजना संचालनको नीतिगत व्यवस्था :

शिक्षा, यूवा तथा खेलकुदसँग सम्बन्धीत कार्यका लागि संघीय सरकारबाट प्राप्त योजना तथा कार्यक्रम संचालन गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरले प्रत्येक वर्ष कार्यक्रम कार्यान्वयन पुस्तिका जारी गरी (मन्त्रीस्तरबाट स्वीकृत) पठाउने गर्दछ। सोही अनुरुप आ.व. २०७९/०८० को कार्यक्रम कार्यान्वयन पुस्तिका पनि प्राप्त भइसकेको छ। यसै पुस्तिकामा निर्देशन भएअनुरुप सम्पूर्ण वार्षिक कार्यक्रमको कार्यान्वयन हुने गर्दछ। संघीय सरकारबाट प्राप्त हुने सबै कार्यक्रमहरु सामूदायिक विद्यालयलाई अनुदान दिने प्रकृतिका छन्। नगरपालिकाबाट अनुदान रकम निकासा भएपछि विद्यालयले तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने हुन्छ।

त्यसैगरी नगरपालिकाको आन्तरिक स्रोतबाट संचालन हुने योजना/कार्यक्रमहरु नगर

सभाबाट स्वीकृत भएपछि सम्बन्धित शाखाबाट कार्यान्वयन हुने गर्दछ। यी कार्यक्रम संचालनको समय तालिका, कार्यान्वयन कार्यतालिका तयार गरिएको छ। सोही कार्यतालिका अनुसार आन्तरिक स्रोत तर्फका कार्यक्रमहरु कार्यान्वयन हुने गर्दछ।

**३.पहिलो त्रैमासिकको कार्य प्रगति विवरण :**

आ.व. २०७९/०८० मा शशर्त अनुदान तर्फ संघीय सरकारबाट प्राप्त कार्यक्रम मध्ये प्रथम त्रैमासिकमा देहायका योजना तथा क्रियाकलापहरुमा देहाय बमोजिमको प्रगति भएको छ।

| क्र.सं. | कार्यक्रम विवरण | अनुदान रकम रु. | कार्यान्वयनको वित्तिय प्रगति रु. |
|---|---|---|---|
| १ | शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | २०,४६,०००/- | ६,७२,०००/- |
| २ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत | ९,२४,००,०००/- | २,९२,३०,६६१/- |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९७,२१,०००/- | ३०,०९,६००/- |
| ४ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७२,९४,०००/- | १३,६७,६४०/- |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १,३५,३४,०००/- | २१,५६,६४०/- |
| ६ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान | २,०९,००,०००/- | ६६,७२,५०२/- |

चालु आ.व. मा विद्यालय तहको शैक्षिक सुधारका लागि विभिन्न प्रकृतिका ४३ वटा योजना क्रियाकलाप संचालनका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु. २ करोड बजेट विनियोजन गरेको छ । त्यस्तैगरी यूवा तथा लक्षित खेलकुद, संघ–संस्था समन्वय र संस्कृति विकास लक्षित कार्यक्रम संचालनका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु. ७० लाख बजेट विनियोजन गरी विभिन्न २१ वटा क्रियाकलाप स्वीकृत भएका छन् । यसका अतिरिक्त न.पा. अनुदान कोटाका शिक्षकहरुको तलब भत्ता, विद्यालय कर्मचारी, बालशिक्षा सहयोगी कार्यकर्ताको थप पारिश्रामिकका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट वार्षिक रु.८० लाख बजेट विनियोजन भई कार्यान्वयन हुँदै आएको छ। विद्यालयमा विद्यार्थीको उपस्थिति बढाउने, विद्यालयमा अभिभावकहरुको सहभागिता बृद्धी गर्ने, विद्यालयप्रति अभिभावकको भूमिका र चासोमा बढोत्तरी गर्ने, विद्यार्थीमा शैक्षिक कार्यका लागि मसलन्द सामग्रीको अभाव हुन नदिने उदेश्यले बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकालाई विद्यालयमा उपस्थिति भएको आधारमा दैनिक रु.१० का दरले नगद छात्रवृति वितरण गर्नका लागि रु. ८० लाख बजेट समेत नगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजन भएको छ। माथि उल्लेखित क्रियाकलाप मध्ये वार्षिक कार्यतालिका बमोजिम पहिलो त्रैमासिकमा गर्नुपर्ने कार्यहरु सम्पन्न गर्दै बाँकी क्रियाकलापहरु समेत कार्यान्वयनका लागि आवश्यक व्यवस्था भइरहेको छ।

पहिलो त्रैमासिकमा सम्पन्न भएको योजना/क्रियाकलापकको विवरण देहाय बमोजिम रहेको छ। (न.पा. को आन्तरिक स्रोत तर्फ)

**तपसिल**

| क्र.सं. | कार्यक्रम विवरण | बजेट विनियोजन (वार्षिक) रु. | हालसम्मको खर्च वित्तिय प्रगति रु. |
|---|---|---|---|
| १ | अनुदान कोटाका शिक्षकको तलब भत्ता, स.का. तथा कर्मचारीको थप पारिश्रमिक वितरण | ८०,००,०००/- | २४,९४,११६/- |
| २ | आधारभूत तथा माध्यमिक विद्यालयमा परिक्षा संचालन अनुदान, प्रश्न पत्र छपाई वितरण प्रसारण | २१,००,०००/- | ९,००,०००/- |
| ३ | विद्यालयको एकिकृत शैक्षिक सूचना प्रणाली (IEMIS) सम्बन्धी तालिम | ३,००,०००/- | १,६४,०००/- |
| ४ | विभिन्न दिवस, समारोह मनाउने कार्यक्रम | २,००,०००/- | १,३०,०००/- |
| ५ | बालविकास केन्द्रका स.का. को क्षमता विकास तालिम | ३,००,०००/- | १,००,०००/- |

| | | | |
|---|---|---|---|
| ६ | कक्षा ८, १० र १२ का सर्वोत्कृष्ठ विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम | २,००,०००/- | ४२,०००/- |
| ७ | नगरस्तरीय अन्तर यूवा खेलकुद कार्यक्रम | ४,००,०००/- | १०,०००/- |
| ८ | स्थानीय स्तरका कला-संस्कृति, मेला-महोत्सव र चाडपर्व प्रवर्द्धन कार्यक्रम | ५,००,०००/- | ५,०००/- |
| | जम्मा | १,२०,००,०००.०० | ३८,४५,११६.०० |

## ४. विद्यालय शिक्षा प्रणालीको सुधारका लागि नगरपालिकाले गरेका असल अभ्यासहरु :

१) शिक्षा, यूवा तथा खेलकुदको क्षेत्रमा के-के कार्य गर्ने भन्ने सम्बन्धमा वार्षिक नीति तथा कार्यक्रममा स्पष्ट व्यवस्था गरिएको छ।

२) शैक्षिक कार्यक्रममा एकरुपता ल्याउने उद्देश्यले वार्षिक शैक्षिक क्यालेन्डर तयार गरी सबै सरोकारवालाहरुलाई वितरण गरी कार्यान्वयन गरिएको छ।

३) विद्यार्थी संख्या र विषयगत शिक्षकको आधारमा शिक्षक मिलान सहित प्र.अ. तथा शिक्षकहरुको सरुवा गरिएको छ।

४) नगर शिक्षा योजना र नगरको शैक्षिक प्रोफाइल तयारीको कार्य थालनी भइरहेको छ।

५) आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम तयार गरी कार्यान्वयनमा रहेको र पाठ्यपुस्तक तयारीको कार्य थालनी भएको छ।

६) विद्यार्थीको उपस्थिति वृद्धि गर्ने, अभिभावकको विद्यालयमा सहभागिता बढाउने उद्देश्यले बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकालाई विद्यालयमा उपस्थिति भएको प्रत्येक दिन रु.१० का दरले नगद छात्रवृत्ति वितरणको कार्यक्रम स्वीकृत भई वितरणको अवस्थामा रहेको छ।

७) नगरका सबै शैक्षिक गतिविधी, तथ्यांक विवरण र विद्यालयका निकासा आदि समेटी शैक्षिक बुलेटिन तयार गरी सरोकारवालालाई वितरण गरिएको छ।

८) नगर प्रमूख, उपप्रमूख सहितको उपस्थितिमा विद्यालयको सघन अनुगमन गर्ने तत्काल पृष्ठपोषण दिने, सुधारका लागि सहयोग गर्ने कार्यको थालनी भएको छ।

## ५. निष्कर्ष :

नगरपालिकाद्वारा तयार भएको कार्यक्रम कार्यान्वयन तालिकाले समयमै कार्य सम्पन्न गर्न स्पष्ट दिशा निर्देश गरेको छ। यसका बाबजुद पनि कतिपय कार्यहरु पूर्णरुपमा समयमै कार्यान्वयन हुन सकेका छैनन्। के कति कार्यहरु पहिलो त्रैमासिकमा सम्पन्न हुन सके भन्ने कुराहरुलाई समावेश गरी प्रकाशन हुने यी विवरणहरुबाट सर्वसाधारण तथा सरोकारवाला सबैमा पहुँच पुग्न सक्दछ र

कार्यको पारदर्शितामा समेत वृद्धि हुने देखिन्छ ।

**रामग्राम नगरपालिकाको स्वास्थ्य क्षेत्रः**

रामग्राम नगरपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी वनाउन स्वास्थ्य जनशक्तिको क्षमता अभिबृद्धि, दरबन्दी निर्धारण, स्वास्थ्य उपकरण र स्वास्थ्य संस्थाहरुमा पूर्वाधारहरुको समुचित विकास गर्दै लैजाने नीति अवलम्बन गरिएको छ । नगरपालिका स्तरीय स्वास्थ्य संकट, महामारी रोग नियन्त्रण तथा विपद् व्यवस्थापनकालागि स्वास्थ्य संकट एवं पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण भइरहेको छ । स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरुको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्रमा शुसासन कायम गर्ने कार्ययोजना बनाइएको छ । साथै विद्यमान स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई नागरिकमैत्री र थप जवाफदेही बनाउँदै लग्ने पहल थालनी भएको छ ।

रामग्राम नगरपालिका जिल्लाको सदरमुकामको नगरपालिका भएकोले स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल (पृथ्वीचन्द्र अस्पताल) र निजी क्षेत्रबाट एउटा एभरग्रीन अस्पताल संचालनमा रहेको छ । त्यसैगरी नगरभित्र परिवार नियोजन संघले पनि स्वास्थ्य सेवा दिँदै आएको छ । नगरभित्र दर्जनौ मेडिकल, दन्त, आँखा अस्पतालहरु, फिजियोथेरापी केन्द्रहरु, ऐक्सरे सेवा संचालनमा छन् । यद्दपी हालसम्म नगरपालिकाले नगरक्षेत्र भित्र संचालनमा रहेका यी विविध स्वास्थ्य संस्थाहरुलाई दर्ता वा नविकरणको दायराभित्र ल्याउन भने बाँकी रहेको छ । हाल मस्यौदाको रुपमा रहेको नगर स्वास्थ्य ऐन र नियमावली नगरसभाबाट स्वीकृत हुने क्रममा रहकोले कानून बनेपछि नियमन गर्न सहज हुनेछ । रामग्राम नगरपालिकाभित्र स्वास्थ्य चौकी ८ वटा, आधारभूत स्वास्थ्य इकाई ९ वटा रहेका छन ।

चालु आ.ब. २०७९/०८० मा स्वास्थ्य शाखाले ११ वटा कार्यक्रम तथा योजना सम्पन्न गरेको छ । जसकालागि रु. ३१ लाख वरावरको बजेट कार्यान्वयन गरिएको छ भने ४९ वटा नयाँ योजनाको सम्झौता गरी सम्पादनको प्रकृयामा रहेका छन् ।

**सामाजिक सुरक्षा तथा पंजिकरणः**

जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र प्रोत्साहन गर्ने साथै सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउने नगरपालिकाको नीति अनुसार चालु आर्थिक बर्षको प्रारम्भ मै कामको शुरुवात भएको छ । नगरपालिकाले जेष्ठ नागरिकको आदरसम्मान गर्दै सम्बन्धित वडाबाट भत्ता पाउने गरी व्यवस्था गरेको छ । परासीमा रहेका ज्योती विकास बैंक, मेगा बैंक लि. र सनराईज बैंक लि.ले १८ वटा वडा मध्ये सदरमुकामबाट टाढा रहेका ११ वटा वडाको सामाजिक सुरक्षा वापतको रकम वडातह र घरदैलोबाट वितरणको व्यवस्था मिलाएका हुन् । परासीमा घण्टौं लाइनमा बसेर दुःख पाइरहेका जेष्ठ नागरिकहरुलाई वडाबाटै भत्ता वितरण गर्ने कामको थालनी भएपछि जेष्ठ नागरिकहरुलाई निकै सहज भएको छ ।

रामग्राम नगरपालिकामा आ.ब. २०७९/०८० को असोज मसान्तसम्म ७० बर्ष भन्दा

माथि २९०४ जना, जेष्ठ नागरिकमा दलित ४३१ जना, जेष्ठ नागरिक एकलमहिला ४२९ जना, एकल महिला ७७३ जना, पूर्ण अपांगता भएका १२५ जना, अति अशक्त अपांगता भएका ३०२ जना, दलित बालबालिका ६८३ जना र लोपोन्मुख जनजाति १४० जना गरी कुल सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या ५७८७ रहेको छ।

सवै प्रकारका घटना दर्तालाई सूचकले अनलाईनबाट दर्ता गरी प्राप्त टोकनको आधारमा सहज तरिकाबाट सेवा लिन सक्ने व्यवस्था प्रभावकारी वनाउने लक्ष्य नगरपालिकाले लिएको छ। त्यसैअनुसार रामग्राम नगरपालिकाले नियमित रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको छ।

**महिला तथा बालबालिका/ बालमैत्री स्थानीय शासन**

रामग्राम नगरपालिकाले महिलाहरुलाई आत्मनिर्भर बनाउन उद्यमशीलता विकास, उनीहरुको सीप र प्रविधिको विकास गर्ने गरी बार्षिक कार्यक्रमहरु तर्जूमा गर्ने लक्ष्य राखेको छ। महिलाहरुको स्वास्थ्य, शिक्षा, स्वरोजगारलाई प्राथमिकता दिएर बार्षिक कार्ययोजनाहरु तय गरिएका छन् । महिलाहरुलाई कानूनी सचेतना, चेलिबेटी बेचविखन विरुद्धको अभियान, हिंसा न्यूनिकरण लगायतका अभियानमा सहभागी गराउँदै समाजमा महिलाहरुलाई सम्मानपूर्वक वाँच्ने बातावरण बनाउने प्रयास शुरु भएको छ। आ.ब. २०७९।०८०मा गएको तीन महिनामा महिला तथा बालबालिका शाखाबाट बालदिवस मनाउने, जेष्ठ नागरिक परिचय–पत्र, अपांगता परिचय–पत्र वितरण गर्ने कार्यगरिएको छ।

रामग्राम नगरपालिकालाई वि.सं. २०७८ चैत्र १२ गते बालमैत्री नगर घोषणा कार्यक्रम सम्पन्न भएकोछ । नेपाल सरकारले निर्धारण गरेको ५१ वटा सूचकलाई आधार बनाएर अभियानलाई संचालन गरिएको थियो । त्यस समयमा ३८ वटा सूचक सत प्रतिशत, ६ वटा सूचक ९५ प्रतिशत, १ वटा सूचक ९० प्रतिशत र वाँकी ६ वटा सूचक ८० प्रतिशत नतिजा ल्याएमा बालमैत्री स्थानीय शासन घोषणा गर्न सकिने प्रावधानको आधारमा घोषणा गरिएको हो । आउँदा दिनहरुमा रणनीतिक योजना अनुसार प्रत्येक वडामा बालबालिकाहरुको वस्तुगत प्रोफाइल वनाउने योजना वनाइएको छ।

रामग्राम नगरपालिकामा हालसम्म नगरभित्र १०२ वटा बालक्लव, १८ वटा वडा स्तरीय र १ वटा नगर स्तरीय बाल संजाल गठन गरिएको छ। नगरपालिकालाई बालमैत्री स्थानीय शासन भएको नगर घोषणा पश्चात सँगै बालक्लवका सदस्यहरुलाई क्षमता विकास, अभिमूखिकरणलाई निरन्तरता दिँदै बालमैत्री नगर वनाउन नतिजाको रुपमा रहेका सूचकहरुको प्रयोग र दिगोपनलाई आत्मसाथ गरिएको छ।

**सामाजिक परिचालनः**

रामग्राम नगरपालिकाले समाज परिचालनको माध्यमबाट स्वास्थ्य, शिक्षा, विभिन्न सामाजिक जागरणका कामहरुलाई सस्थागत गर्दै लैजाने नीति वनाएको छ । सामुदायिक विकासका कामहरु गर्दा नगरपालिकाभित्र विभिन्न वडामा संस्थागत रुप धारण गरेका टोलविकास

संस्थाहरुलाई व्यापक परिचालन र सहकार्य गरिने छ। अझ समुदायको विकासमा लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम र क्षमता विकास कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ।

रामग्राम नगरपालिकाका १८ वटा वडाहरुमा जम्मा १२७ वटा टोलविकास संस्थाहरु गठन भएका छन् । टोलको विकास निर्माण तथा नगरपालिकाले संचालन गर्ने विभिन्न सामाजिक जागरणका कार्यक्रमहरुमा टोलविकास संस्थाका सदस्यहरुको सक्रियता हुने गरेको छ। टोलविकास संस्थालाई प्रशिक्षित गर्ने, संगठन, वचत र सीपजस्ता महत्वपूर्ण विषयमा केन्द्रीत गरी आत्मनिर्भर टोल वनाउने लक्ष्यका साथ नगरपालिकाले कामको थालनी गरेको छ।

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित कार्यक्रम हो । संघीय सरकार सशर्त अनुदानमा रामग्राम नगरपालिकाले कार्यक्रम कार्यान्वयन गरिरहेको छ।

सुरक्षित आप्रवासन कार्यक्रमको लक्ष्यलाई हेर्दा बैदेशिक रोजगारीमा रहेका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्य संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउने उद्देश्य रहेको छ।

**अपेक्षित उपलब्धिहरुः**

(क) वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका परिवार तथा सीमान्तकृत समुदायको बै देशिक रोजगारबाट प्राप्त हुने प्रतिफल (लाभ) मा वृद्धि हुनुका साथै सामाजिक दुष्प्रभाव न्यूनीकरण भएको हुनेछ।

(ख) राज्यका तीनवटै सरकारी संयन्त्रको प्रभावकारी प्रयोग गरी वैदेशिक रोजगारमा रहेका कामदार र तिनका परिवारको उचित संरक्षण गरिनेछ। यस परियोजना अन्तर्गत सञ्चालित प्रमुख कार्यहरु निम्न छन्।

| कार्यक्रमको लक्षित बर्गः | कार्यक्रमका मुख्य क्रियाकलापहरु |
|---|---|
| वैदेशिक रोजगारमा जाने सम्भावित कामदार | –सूचना तथा परामर्श |
| बैदेशिक रोजगारमा रहेका कामदार | –सीपमा विकास तालिम |
| वैदेशिक रोजगारबाट फर्केका कामदार | –न्यायमा पहुँच |
| बैदेशिक रोजगारमा रहेका कामदारका | –मनोसामाजिक परामर्श सेवा |
| परिवारका सदस्यहरु | –वित्तीय साक्षरता |

**आ.ब. २०७९/०८० प्रथम त्रैमासिकमा भएका क्रियाकलाप तथा उपलब्धिहरुः**

क) स्थानीय तह कार्यक्रम समन्वय समितिको निर्णय अनुसार स्थानीय तहहरुले आफै कर्मचारी नियुक्त गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको।

ख) आप्रवासी स्रोत केन्द्रको सूचना तथा परामर्श र केश सहजिकरण सेवालाई छनौट प्रकृयाबाट कर्मचारी भर्ना नहुँदासम्मका लागि २ जना कार्यरत परामर्शकर्ताहरुलाई निरन्तरता दिई सेवालाई निरन्तरता दिइएको ।

ग) कार्यक्रम कार्यान्वयका लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९ ले ब्यवस्था गरे अनुसार तपशिल अनुसारका ९ जना कर्मचारीहरु छनौट गरिएको छ। यहि २०७९ कार्तिक १ गतेबाट लागु हुने गरी ९ जनालाई सेवा करार गरिएको छ।

| | |
|---|---|
| कार्यक्रम संयोजक | १ जना |
| सामाजिक परिचालन अधिकृत | १ जना |
| सूचना तथा परामर्शकर्ता | २ जना |
| मनोसामाजिक परामर्शकर्ता | १ जना |
| वित्तीय साक्षरता सहजकर्ता | १ जना र |
| रिटर्नी स्वयंसेवक | ३ जना |

घ) आप्रवासी श्रोत केन्द्रबाट २३३ जना महिला सहित १०५० जनालाई सुरक्षित वैदेशिक रोजगारीको सुचना तथा परामर्श सेवा प्रदान भयो ।

ङ) वैदेशिक रोजगारीको कारण समस्यामा परेका यस बर्ष ७३ जनाको सवाल दर्ता गरी सहजिकरण गरिएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको छ। सोही हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी समेत भएको छ । नेपाल सरकारले चालु आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको छ । सार्वजनिक विकास निर्माणसम्बन्धी कार्यक्रम तथा आयोजनाहरू सरकारका विभिन्न तह अन्तर्गतका विषयगत मन्त्रालय तथा निकायहरूबाट संचालन हुने गरेका छन् । यसरी विभिन्न निकायहरूले विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन गर्दा रोजगारी सिर्जनालाई यथोचित प्राथमिकता दिन नसकेको अवस्था छ। रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरिएको छ।

सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी

सिर्जना गर्नु पर्ने आवश्यकता छ। यस्तो अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरुमा पर्याप्त संख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरुको कार्यान्वयन गर्ने प्रबन्ध गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा ल्याइएको हो। यसरी रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्रमार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास भइरहेको छ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य रहेको छ।

श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्ति बीचको अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत सञ्चालन गरिंदै आएको छ। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वरोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न विशेष उद्यमशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणा प्रस्तावको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपालब्ध गराउने व्यवस्था समेत यस कार्यक्रममा रहेकोछ। यस बाहेक कामलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न '**श्रमको सम्मान, राष्ट्रको अभियान**' लगायतका चेतनामूलक कार्यक्रम समेत देशव्यापी रुपमा संचालन भइरहेका छन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत 'श्रमको सम्मान राष्ट्रको अभियान' भन्ने मूल नाराका साथ विगत ४ वर्षदेखि संचालनमा आएको प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ साल फागुनदेखि देशभरिका सबै स्थानीय तहहरुमा रोजगार सेवा केन्द्र मार्फत कार्यान्वयनमा रहेको छ।

यस कार्यक्रमको छुट्टै सोच, लक्ष्य तथा उद्देश्य रहेको छ भने कार्यक्रमको ऐन, नियम, निर्देशिका तथा कार्यविधि जारी भएका छन्। उक्त नीति-नियम तथा निर्देशिका तथा कार्यविधि अनुरुप यो कार्यक्रम संचालन हुँदै आइरहेको छ।

सामान्यतया यस कार्यक्रमले गरीब तथा आर्थिक रुपले विपन्नवर्गका सूचिकृत बेरोजगारलाई अधिकतम १०० दिनको रोजगारीको ग्यारेन्टी गर्नुको साथै विभिन्न फरक प्रकृतिको सीपमूलक तालिमहरू संचालन गरी देशका युवावर्गहरुलाई विदेश जानबाट रोकी नेपालमै नै बसेर केही गरौं भन्ने भावनाको विकास गराउने उद्देश्य रहेको छ। त्यसैगरी युवा वर्गहरुमा **देश मेरो हो, मैले यहीं केही गर्नुपर्छ** भन्ने अपनत्वको भावना सिर्जना हुने विश्वास लिएको छ।

यस रामग्राम नगरपालिकामा जम्मा १८ वटा वडाहरू छन् भने यहाँ आ.व. २०७९/०८०

मा सूचीकृत बेरोजगार व्यक्तिको संख्या २९५ रहेको छ। बेरोजगार व्यक्तिहरुलाई रोरगारी सृजना गर्नकालागी रु ३३,८६,०००।०० बजेट प्राप्त रहेको छ।

त्यसैगरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रदेश अन्तर्गतबाट विभिन्न तालिमका लागि मन्त्रालयबाट प्राप्त हुने रकम विभिन्न पालिकाको कोषमा जम्मा भएमा वा विनियोजन गरी पठाएमा त्यही पालिकाको सूचीमा सूचिकृत बेरोजगारहरुलाई नै तालीमहरू प्रदानगरी उनीहरूलाई रोजगारीका विभिन्न अवसरहरू प्रदान गर्ने काम सहज तरिकाबाट हुनेछ।

'रोजगारीको हक' सम्बन्धी ऐन २०७५ को दफा १० को आधारमा प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना भइसकेको र सोही ऐनको दफा ८ बमोजिम संघीय सरकार प्रदेश सरकार स्थानीय तहले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गर्न न्युनतम रोजगारीको कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ।

त्यसर्थ, विगत ४ वर्षदेखि संचालनमा आएको प्रधानमन्त्री रोजगार विभिन्न पालिकाका वडाहरूका वार्षिक आयोजनाको आधारमा छुट्टाछुट्टै आयोजनामा आधारित रहेर संचालन हुँदै आइरहेको छ।

यस कार्यक्रमबाट स्थानीय तहमा रहेका सूचिकृत बेरोजगार व्यक्तिहरू विशेषगरी गरिबीको रेखामुनि रहेका बेरोजगार व्यक्तिहरू लाभान्वित भएका छन्।

# आर्थिक विकास

**राजश्व परिचालनः**

“**मैले तिर्ने कर मेरै नगर विकासका लागि हो**” भन्ने बोध नागरिकलाई गराउँदै करको दायरामा आउन सवै नगरवासीमा आग्रह गरिएको छ। नगरको स्वामित्व वा भोगाधिकारमा रहेको र नगपालिकाले निर्माण, संरक्षण गरेका भवन, जग्गा जमिन, हाटबजार, पोखरी तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिएको छ। कर तिर्न नागरिकलाई प्रोत्साहन गर्ने, सबैभन्दा वढी करतिर्ने करदातालाई सम्मान गर्ने र राजश्व संकलन सम्बन्धी कार्यमा निजीक्षेत्र र  नागरिक समाजको सहभागिता र सहकार्यलाई वढाउदै लगिने लक्ष्य नगरले लिएको छ।

रामग्राम नगरपालिकामा आ.ब.२०७९/०८० को पहिलो त्रैमासिक अर्थात साउनदेखि असोज मसान्तसम्म विभिन्न करका शीर्षकबाट आम्दानी भएको छ। नगरपालिकाले सम्पत्ति कर, व्यवसाय रजिष्ट्रेशन दस्तुर, नक्सापास दस्तुर, घरवहाल कर र अन्य विभिन्न शीर्षकमा कर लिने गरेको छ। प्रत्येक वडाबाट उठ्ने गरेको करलाई एकमुष्ट नगरपालिकाले आम्दानी वाध्ने गर्दछ।

**जसअनुसार गएको तीन महिनामाको आम्दानी यस प्रकार छः**

| क्र.सं. | आय श्रोतको शिर्षक | आय रकम |
|---|---|---|
| १. | सम्पत्तिकर | रु. २३,९०,७२४।०० |
| २. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | रु.११,७३,७७५।०० |
| ३. | नक्सापास दस्तुर | रु. १४,१६,६७४।०० |
| ४. | घर बहाल कर | रु.७,५४,६४२।०० |
| ५. | अन्य | रु. १,६६,६८,३८५।०० |
|  | कुल जम्मा | रु.२,२४,०४,२००।०० |

**कृषि तथा पशुसेवा :**

रामग्राम नगरपालिकाले नगरको आर्थिक विकासको मूल श्रोतको रुपमा कृषि तथा पशुपालनलाई लिएको छ। कृषि तथा पशुपालनको क्षेत्रमा व्यापक लगानी गरी उत्पादनमा बृद्धि गर्ने लक्ष्य लिइएको छ। व्यवसायीक तरकारी खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने, नयाँ प्रविधिको प्रयोग गरेर आधुनिक खेतिलाई प्रोत्साहन गर्ने, माटो जाँच र भकारो सुधार जस्ता आधारभूत कुरालाई प्राथमिकता दिने नीति नगरपालिकाको छ । यस्तै बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई व्यवसायीक कृषि तर्फ आकर्षित गर्ने लगायतका कार्यक्रम पनि तय गरिएको छ त्यसैगरी पशुपालनलाई प्राथमिकता दिन कृषकलाई उत्प्रेरित गर्ने, **स्वस्थ मासु, स्वस्थ जीवन**को अवधारणालाई लागू गर्ने, नगरभित्र संचालित डेरी उद्योगहरुको स्तरोन्नती गर्दै व्यवस्थापनमा

सुधार गर्ने साथै मासु र दुग्धजन्य उत्पादनलाई प्राथमिकता दिने नगरपालिकाको योजना रहेको छ।

कृषि विकास तर्फ नगरपालिकाले आ.ब. २०७९/८० मा कृषि क्षेत्रको जम्मा ४८ वटा योजना कार्यान्वयन गर्ने छ भने ३७ वटा योजना आन्तरिक श्रोतबाट र ११ वटा योजना शशर्त (प्रदेश र संघीय) अनुदानका रहेका छन् । चालु आ.ब.को तीन महिनामा जम्मा २ वटा योजना सम्पन्न भएका छन् । कृषक तथा रासायनिक मल विक्रेतालाई लक्षित गरी वनाएको योजना बमोजिम कार्यक्रम गरिएको छ। जसबाट १३ वटा मल विक्रेताका २६ जना प्रतिनिधि र तरकारी खेती तालिममा ३० जना कृषकको प्रत्यक्ष सहभागिता रहेको छ।

**चालु आ.ब.को पहिलो त्रैमासिकमा सम्झौता भई कार्यक्रम संचालनमा रहेका कार्यक्रमहरुः**

रामग्राम नगरपालिकाले चालु आ.व का योजनालाई समयमै सम्पन्न गर्न तयार गरिएको बार्षिक कार्ययोजना वमोजिम कृषि विकास शाखाले पनि योजना सम्पन्न गर्न तदारुकता देखाएको छ। जस अनुसार गएको तीन महिनामा सम्झौता भई कार्यक्रम चलिरहेका निम्न योजनाहरु रहेका छन् ।

- बाली संरक्षण अन्तर्गत कृषकहरुलाई विषादी वितरण।
- बोटविरुवाकालागि भिटामिन तथा सुक्ष्म तत्व वितरण।
- हिउँदे तरकारी र सागपातको मिनिकिट वितरण।
- खाद्यान्न बालीको उन्नत वीउको उपयोगमा मूल्य अनुदान।
- गड्यौला पालन प्रर्दशन।

माथिका पाँचवटा योजनाहरु सम्झौता भई कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् । नगरपालिकाले यी योजनाकालागि कुल २१ लाख बजेट विनियोजन गरेको छ भने हिंउदे तरकारी र सागपातको मिनिकिट वितरणमा ११९५ जना कृषक लाभाँवित हुने छन्।

रामग्राम नगरपालिका कृषि विकास शाखाले गएको तीन महिनामा शाखा अन्तर्गतका योजना सम्पन्न गर्न सूचना प्रकाशन गरी माग संकलन भइरहेका कार्यक्रमहरु यस प्रकार छन् :

- मागमा आधारित सिंचाई कार्यक्रम र साना कृषि यन्त्र र उपकरण कार्यक्रमको माग संकलन भई ठेक्का पनि सम्पन्न भएको छ जसको कुल बजेट १९ लाख रहेको छ।
- कृषक समूह तथा व्यवसायिक कृषकहरुलाई कृषि सामाग्री वितरण, जुन योजनाको माग संकलन भई खरिदको क्रममा रहेको छ जसको कुल बजेट ९ लाख रहेको छ।
- पकेट विकास कार्यक्रम तरकारी र गहुँबाली जुन शसर्त अन्तर्गतको योजना रहेको छ जसको कुल बजेट २४ लाख रहेको छ।

रामग्राम बुलेटिन-त्रैमासिक सम्पादन अवधिमा आइपुग्दा रामग्राम नगरपालिकाले कृषकहरुको ५० प्रतिशत साझेदारीमा रु. ४० लाख बराबरको गहुँको विउ वितरण गरिएको छ।

पशु विकास तर्फ नगरपालिकाले आ.ब. २०७९/८० मा पशु क्षेत्रको जम्मा २४ वटा

योजना कार्यान्वयन गर्नेछ भने १९ वटा योजना आन्तरिक श्रोतबाट र ५ वटा योजना शशर्त (संघीय) अनुदान तर्फका रहेका छन् ।

चालु आ.ब.को पहिलो त्रैमासिकको कार्यप्रगतिलाई हेर्दा पशु विकास शाखाले ४ वटा योजना सम्झौता भई कार्य प्रारम्भ गरेको छ।

हिउँदे घाँसको बिउ वितरण (७५ प्रतिशत अनुदान) जसको कुल बजेट ६ लाख ६६ हजार ६६७ रुपैया रहेको

- पशु विमा सम्बन्धी अभिमूखिकरण जसको कुल बजेट ५० हजार,
- जुनोटिक रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम जसको कुल बजेट ५० हजार,
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम जसको कुल बजेट ३ लाख रहेको छ।

त्यसैगरी चालु आ.ब.को पहिलो त्रैमासिकमा निम्न ३ वटा योजनाको सूचना प्रकाशन गरी माग संकलन गरिएको छ।

- इलेक्ट्रिक च्यापकटर वितरण (५० प्रतिशत अनुदान) जसको कुल बजेट १६ लाख,
- मिल्क क्यान वितरण (७५ प्रतिशत अनुदान) जसको कुल बजेट ५ लाख ३३ हजार ३३४ रहेको छ।
- व्यवसायिक पशुपालक कृषकलाई काउम्याट वितरण (५० प्रतिशत अनुदान) जसको कुल बजेट १४ लाख रहेको छ।

**सहकारी क्षेत्रः**

रामग्राम नगरपालिकाले सहकारी संस्थाहरुको सुदृढिकरण, विकास र प्रवर्द्धनकालागि नियमित अनुगमन, निरीक्षण र अभिलेखिकरण गर्ने नीति लिएको छ। नगरभित्रका उत्पादनमा आधारित सहकारी संस्थाको प्रवर्द्धन गर्ने,उत्कृष्ट सहकारी संस्थाहरुलाई सम्मान र प्रोत्साहन गर्ने, आवश्यकताका आधारमा मल भण्डारण, क्षमता विकासकालागि अनुदान दिने समेत व्यवस्था गरिएको छ। यस्तै नगरक्षेत्र भित्रका सहकारीहरुको बीचमा आपसी समन्वय र सहकार्य पद्धतिको विकास गर्न चालु आ.ब.मा नगर स्तरीय सहकारी संजाल गठन गर्ने योजना समेत रहेको छ।

नगरपालिकाले नगर क्षेत्र भित्रका सहकारीहरुको अनुगमन, मूल्यांङ्कन गर्ने र मासिक प्रतिवेदन लिने काम गरिएको छ। नगरपालिका भित्र विभिन्न प्रकृतिका सहकारीसंस्थाहरु गठन र संचालनमा रहेका छन् । आ.ब. २०७९।०८० को असोज महिनासम्म कुल ३० वटा सहकारीहरु दर्ता रहेको अवस्था छ। जसमा १ वटा सुचना तथा संचार सहकारी, १३ वटा बचत तथा ऋण सहकारी, ६ वटा वहुउद्देश्यीय सहकारी, १० वटा कृषि सहकारी संस्था लि. रहेका छन् । चालु आ.ब.मा सहकारी संस्थालाई सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन प्रणाली( COPOMIS) मार्फत आवद्ध गर्न थप क्षमता विकासका कार्यक्रम गर्ने योजना रहेको छ।

**घरेलु तथा साना उद्योग र बजार प्रवर्द्धनः**

रामग्राम नगरभित्र संचालित सबै प्रकारका उद्योगहरु व्यवस्थापनका लागि एकिकृत नीति

तर्जुमा गरी घरेलु तथा साना उद्योगहरुलाई व्यवस्थित गरिने नीति नगरपालिकाको छ। परम्परागत तथा व्यवसायीक सीपमूलक घरेलु उत्पादनलाई संरक्षण र प्रवर्द्धन गर्ने नीतिगत व्यवस्था नगरले गरेको छ। यस्तै स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्यमको प्रवर्द्धन, बजारीकरण र नयां प्रविधिको प्रयोगका लागि तालिम संचालन गर्ने गरी नगरपालिकाले योजना बनाएको छ।

रामग्राम नगरपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा छ जसले नयां उद्यमी सृजना गर्ने, उद्यमशीलता सम्बन्धी तालिम संचालन गर्ने, उत्पादिन वस्तुको बजारीकरणमा सहजिकरण गर्ने कार्यक्रम संचालनमा रहेको छ। चालु आ.ब.मा कार्यक्रमले १२५ जनालाई रोजगारीको सिर्जना गर्ने कार्यक्रम तय गरेको छ। कार्यक्रमको छनौट तथा प्रभावकारी कार्यान्वयनका लागि नगर उद्यम विकास समितिले सक्रियतापूर्वक काम गरिरहेको छ।

कार्यक्रमले आ.ब २०७९/०८० का लागि २७ लाख ६० हजार वरावरको नयाँ कार्यक्रम र बजेट तय गरेको छ भने गएको तीन महिनामा ६० जनालाई लक्षित गरी रामग्राम नगरपालिकाका वडा नं. ४, ६, ११, १३ र १४ मा अभिमुखिकरण सम्पन्न गरिएको छ।

# स्वास्थ्यको क्षेत्रमा रामग्राम नगरपालिकाको असल अभ्यास

**झाडापखाला, भाईरल ज्वरो नियन्त्रण कार्यक्रम**

बदलिंदो मौसमसँगै समय–समयमा विभिन्न भाईरल रोग लगाएत स्वास्थ्य समस्याहरू समुदायहरूमा हेर्न सकिन्छ। बाढि पहिरोको कारण विभिन्न पानीको श्रोतहरू दुषित हुने गरेको र सो बाट व्यक्तिहरूमा विभिन्न प्रकारको स्वास्थ्य समस्याहरू उत्पन्न भएको देखिन्छ। झाडापखाला तथा भाईरल ज्वरो हालको मौसममा नेपाल अधिराज्यभर बढि प्रभाव गर्ने स्वास्थ्य समस्याको रूपमा लिन सकिन्छ। रामग्राम नगरपालिका अन्तर्गत वडा नं. १८ मा पर्ने पम्पापुरमा समेत यसै प्रकारको स्वास्थ्य समस्या भई धेरै नागरिकहरू प्रभावित भएको पाईयो।

मिति २०७९/०६/२६ गते दिउसो ३ बजे रामग्राम नगरपालिका अन्तर्गत वडा नं १८ को पम्पापुरमा भाइरलले, झाडापखाला तथा बान्ताको केसहरू बढी मात्रामा देखाएको भनी प्राप्त सूचनाको आधारमा RRT द्रुत कार्यटोली तथा अमरवन स्वास्थ्य चौकीको स्वास्थ्यकर्मी परिचालन भई स्वास्थ्य समस्या भएको स्थानमा पुगि गम्भीर स्वास्थ्य समस्या भएका ४ जनालाई अस्पतालमा रिफर गरिएको र अन्य १०२ जनालाई सोही स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य उपचार गरिएको थियो। सोही दिन राति समेत गम्भीर समस्या भएका १४ जनालाई अस्पतालमा रिफर गरियो। दोस्रो दिन समेत एक जना बिरामीलाई अस्पतालमा रिफर गरिएको र अन्य ५२ जना झाडापखाला लगायत अन्य समस्या भएका बिरामीहरूलाई सोही स्थानमा उपचार गरिएको थियो। सो दिन स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश, स्वास्थ्य कार्यालय परासी, विपद् व्यवस्थापन संयोजक, जनप्रतिनिधि लगायत अन्य सरोकारवाला परिचालन भई समुदायमा स्वास्थ्य शिक्षा प्रदान गरी, अवस्था सामान्य हुँदै गईरहेको भनी समुदायमा हौसला समेत प्रदान गरियो। खानेपानी दुषित हुनुको कारण महामारी फैलिएको हुन सक्ने आशँकाले केही घरको धाराको पानी समेतको नमूना संकलन गरी प्रदेशमा परीक्षणको लागि पठाइएको थियो। ३ जना स्वास्थ्यकर्मी तथा ५ जान रेडक्रसका स्वयंसेवकद्वारा स्वास्थ्य शिविर सञ्चालन गरी २६ जना विरामी जाँच गरिएकोमा २ जना मात्र झाडापखालाको बिरामी उपचारको लागि आएकोले अवस्था सामान्य भएको निष्कर्षमा पुगिएको थियो।

१९ जना अस्पतालमा भर्ना भएको बिरामीहरू सकुशल सुधार भई घरमा डिस्चार्ज हुनु भएको थियो। ३ दिन रामग्राम नगरपालिकाको एम्बुलेन्सलाई निःशुल्क रूपमा सेवा दिनको लागि सोही स्थानमा राखिएको थियो। सही सूचना र सही समयमा स्वास्थ्यकर्मीहरु परिचालन भई समुदायलाई गम्भीर घटना हुनबाट बचाउन स्वास्थ्यका टिम सफल भएको छ। यो कार्यले सम्पूर्ण स्वास्थ्यकर्मी जुनसुकै महामारीमा पनि जुझ्न सक्ने र जस्तो सुकै परिस्थितिमा काम गर्न सक्छ भन्ने

कुरा प्रमाणित भएको छ।

स्वास्थ्य शाखाबाट ३ दिनसम्म लगातर स्वास्थ्य शिविर संचालन गरी समुदायमा रहेका हरेक नागरिकहरूमा स्वास्थ्यको पहुँच प्रदान गरिएको थियो। समुदायबाट नागरिकहरूले नगरपालिकाले गरेको कामको प्रसंसा गरेका छन्। समयमै स्वास्थ्य उपचार तथा जटिल समस्या भएकाहरूलाई अस्पतालसम्म पुऱ्याएका कारण कुनै मानवीय क्षति हुन पाएन तसर्थ स्थानीय तहले नागरिकको स्वास्थ्य सेवामा गरेको काम प्रसंसनीय बनेको छ।